# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा–३, विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः– २०८१/०८२

मितिः२०८१/११/०१

चलानी नं.:–

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्रानुसार रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११ नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८२/८३ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपन्तरण पहल आयोजनाको कार्यान्यन सामाजिक र आर्थिक अवसरवाट वञ्चित महिला, आदिवासी, जनजाति, मधेसी, दलित तथा सीमान्तकृत समुदाय लगायतलाई न्युनतम रोजगारीमा सलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ वर्ष देखि ५९ वर्ष उमेर समुहका बेरोजगार नेपाली नागरीकहरुले २०८१ फागुन १ गते देखि २०८१ फागुन २९ गतेसम्म स्थायी वसोवास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि (परिवारका सदस्यहरुको समेत सबै विवरणहरु) नछुटाई भर्नुहुन अनुरोध छ। अन्यथा अपूर्ण भरिएको फारमहरु स्वतः रद्द हुनेछन्। तपसिल बमोजिमका विवरणहरु अनिवार्य भर्नुका लागि सहजीकरण गरिदिनु हुन जानकारी गराइन्छ।

२०८१/११/०१

(माधवराज पौडेल)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

१. नेपाली नागरिकताको प्रमाण पत्र को प्रतिलिपि।

२ निवेदकको पासपोर्ट साईजको फोटो १ प्रति।

३. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण पत्र १ प्रति (अनिवार्य)

४. गा.पा.मा बसोबास देखिने प्रमाण

५. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपि।

नोट : आवेदन फाराम सम्बन्धित वडा कार्यालयबाट निःशुल्क रुपमा प्राप्त गर्न सकिने छ।
साथै वेवसाइट www.pmep.gov.np वाट प्राप्त गर्न सकिने छ।